नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- ६१२

मिति :- वि.सं. २०८३/०३/०४

ने.स. :- ११४६ तछलाथ्व,४ बिहिवार

विषयः सामाजिक सञ्जालमा भ्रामक विज्ञापन नगर्ने/नगराउने सम्बन्धी सूचना

सामाजिक सञ्जाल (फेसबुक,इन्स्टाग्राम,ह्वाट्सएप, टिकटक, युट्युब लगायत) मार्फत प्रचलित कानूनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीहरूको भ्रामक विज्ञापन प्रकाशन तथा प्रसारण गरी आम नागरिकलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यको आधारभूत मापदण्ड पालना नभएको सम्बन्धमा यस बोर्डमा विभिन्न उजुरीहरू प्राप्त भएका छन्।

विशेषतः कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा कम गर्ने, शरीरको बोसो घटाउने, मृगौला सफा गर्ने, शरीरका बिषाक्त पदार्थ हटाउने लगायतको दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य यस्तै प्रकृतिका सामग्रीहरूको आधारहीन तथा भ्रामक विज्ञापन सामाजिक सञ्जालमार्फत भइरहेको पाइएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ तथा अन्य प्रचलित कानून विपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न/नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

साथै, भ्रम वा अफवाह फैलाउने,आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका, चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गरिने औषधिको भ्रामक विज्ञापन प्रकाशन वा प्रसारण भएको पाइएमा विज्ञापन बोर्डमा तत्काल उजुरी गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

भ्रम, अफवाह वा ठगी गर्ने उद्देश्यले प्रकाशित तथा प्रसारित विज्ञापन तत्काल हटाउन तथा भविष्यमा यस्ता कार्य नगर्न/नगराउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। यस्ता कार्य गरे/गराएको पाइएमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २५ बमोजिम कारबाही भई जाने बेहोरा समेत निर्णयानुसार जानकारी गराइन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत